मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः २०८२।०८३
च.नं.: ३२८३

मितिः २०८३।०३।३२

विषयः कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह (सबै),
मधेश प्रदेश ।

प्रस्तुत विषयमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३५ मा कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन गर्ने गराउने अवधि सम्बन्धमा स्पष्ट व्यवस्था रहे तापनि मूल्याङ्कन गर्ने पदाधिकारी सम्बन्धमा स्पष्ट व्यवस्था नरहेको देखिएकोले स्पष्ट कानूनी व्यवस्था नहुन्जेल आ.व. २०८२/०८३ को वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. ०७६/०७७, च.नं. २००, मिति २०७६।०४।३० को परिपत्र अनुसार तोकिएका मूल्याङ्कनकर्ताहरुबाट देहाय अनुसारको अवधिमा पेश गरी गराई मूल्याङ्कन सम्पन्न गर्न गराउन हुन यस कार्यालयको मिति २०८३।०३।३२ को निर्णयानुसार अनुरोध छ।

१. प्रत्येक कर्मचारीबाट वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम तीन प्रति भर्न लगाई सम्बन्धित कार्यालयमा साउन सात गतेभित्र दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने/गराउने,
२. सुपरिवेक्षक समक्ष पेश भएको वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम साउन मसान्तभित्र सुपरिवेक्षकबाट मूल्याङ्कन गरी गराई पुनरावलोकनकर्ता समक्ष पेश गर्ने/गराउने,
३. पुनरावलोकनकर्ता समक्ष पेश भएको वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम भाद्र पन्ध्र गतेभित्र पुनरावलोकनकर्ताबाट मूल्याङ्कन गरी गराई पुनरावलोकन समिति समक्ष पेश गर्ने/गराउने,
४. पुनरावलोकन समिति समक्ष पेश भएको वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम भाद्र मसान्तभित्र पुनरावलोकन समितिबाट मूल्याङ्कन गरी गराई एक/एक प्रति प्रदेश लोक सेवा आयोग तथा बढुवा समिति समक्ष पेश गर्ने गराउने र बाँकी एक प्रति सम्बन्धित स्थानीय तहमा सुरक्षित साथ राख्ने व्यवस्था गर्ने/गराउने,
५. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. ०७६/०७७, च.नं. २००, मिति २०७६।०४।३० को परिपत्र अनुसार तोकिएका मूल्याङ्कनकर्ताहरु सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिको कार्यालयमा नरहेको अवस्थामा तोकिएकै समयावधिभित्र मूल्याङ्कनका लागि यस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाममा पेश गरी गराई तोकिएकै समय भित्र मूल्याङ्कन सम्पन्न गर्ने/गराउने ।

मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

६. कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको समयावधिभित्र मूल्याङ्कन गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको नै हुने हुँदा तोकिएको समयावधि पछि यस कार्यालयमा पेश हुन आएका कार्यसम्पादन मूल्याङ्कन फारामहरुको मूल्याङ्कन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम बाध्य नहुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तोकिएको समयमा वार्षिक कार्यसम्पादन मूल्याङ्कन नगर्ने पदाधिकारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३५ को उपदफा (१२) बमोजिम विभागीय कारबाही हुने व्यहोरा समेत जानकारीका लागि निर्णयानुसार अनुरोध छ ।

(प्रभाव तिमल्सीना)
शाखा अधिकृत

बोधार्थः-
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै), मधेश प्रदेश ।
श्री जिल्ला प्रशासन कार्यालय (सबै), मधेश प्रदेश ।